# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
## रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौको

## २५ औं वार्षिक साधारण सभाको निर्णय

**१. २५ औं वार्षिक साधारण सभा :**

श्री तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको मिति २०७८।१२।२७ (तदानसार १० अप्रिल २०२२) गते तारागाउँ रिजेन्सी होटल्स लिमिटेड, बौद्ध, काठमाण्डौमा, सञ्चालक समितिका अध्यक्ष स्व.श्री राधेश्याम सराफ ज्यूको स्वगारोहण भएको हुदाँ वहाँको आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनहरुमा भगवान श्री पशुपतिनाथले धैर्यधारण गर्ने क्षमता प्रदान गरुन भन्दै स्व. श्री राधेश्याम सराफज्यू प्रति हार्दिक समवेदना प्रकट गर्दै १ मिनेट मौन धारण गरि कार्यकारी सञ्चालक श्री सुरेश लाल श्रेष्ठज्यूको प्रस्तावमा प्रबन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यूको सभापतित्वमा दिनको ठीक ११:०० बजे शुरु भई दिउसो १२:३० बजे समापन भएको २५ औं वार्षिक साधारण सभामा भएका छलफल तथा निर्णयहरु देहाय बमोजिम रहेका छन् ।

**२. उपस्थिति :**

**(अ) सञ्चालकहरुको उपस्थिति :**

| | |
|---|---|
| श्री अरुण कुमार सराफ | प्रवन्ध सञ्चालक **(यस सभाको सभापति)** |
| श्री सुरेश लाल श्रेष्ठ | कार्यकारी सञ्चालक |
| श्री प्रल्हाद न्यौपाने | सञ्चालक (अनलाइन माध्यमबाट सहभागी) |
| श्रीमती कमलादेवी श्रेष्ठ | सञ्चालक |
| श्री उमेश सराफ | सञ्चालक |
| श्री राजेश लाल श्रेष्ठ | सञ्चालक (अनलाइन माध्यमबाट सहभागी) |
| श्री वरुण सराफ | सञ्चालक (अनलाइन माध्यमबाट सहभागी) |
| श्री जयादिन श्रेष्ठ | सञ्चालक |
| श्री श्रीवत्स शम्सेर जंगवहादुर राणा | स्वतन्त्र सञ्चालक |

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं

**(आ) व्यवस्थापन समूह :**

| | |
|---|---|
| श्री टिकाराम विस्ट | कम्पनी सचिव |
| श्रीमती रानी बंग | प्रेसिडेण्ट |
| श्री कुशल गोयन्का | सिनियर मेनेजर एकाउण्ट्स एण्ड फाइनान्स |

**(इ) पर्यवेक्षक तथा प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| श्री लिला प्रसाद तिम्सिना | तारागाउँ विकास समिति |
| श्रीमती निवेदिता भण्डारी | याक एण्ड यति होटल लि. |
| श्री अरुण कुमार सराफ | हायात इन्टरनेशनल कर्पोरेसन |
| श्री अरुण कुमार सराफ | डोमिनियन इन्भेस्टमेन्ट्स लि. हङकङ |
| श्री अरुण कुमार सराफ | डोमिनियन इन्भेस्टमेन्ट्स लि. वि.भि.आई |
| श्रीमती सोनी प्रधान | आइसिटिसी प्रा.लि |
| श्री मनोज प्रसाद राजभण्डारी | आइसिटिसी होल्डिङ्ग कम्पनी प्रा लि |
| श्री प्रमोद कुमार स्वर्णकार | वि.के.अग्रवाल एण्ड कम्पनी (लेखापरिक्षक) |
| श्री गौरव अग्रवाल | वि.के.अग्रवाल एण्ड कम्पनी (लेखापरिक्षक) |

**(ई) शेयरधनीहरुको उपस्थिति :**

| | |
|---|---|
| १. उपस्थिति शेयरधनीहरुको संख्या | ५० **जना** |
| (क) शेयरधनी स्वयमबाट | २२ **जना** |
| (ख) प्रतिनिधि (प्रोक्सी) बाट | ७ **जना** |
| (ग) प्रतिनिधि (प्रोक्सी) Zoom मार्फत | ० **जना** |
| (घ) शेयरधनी Zoom मार्फत | २१ **जना** |
| २. शेयरधनीहरुको उपस्थिति प्रतिशत | ०.१५ **प्रतिशत** |
| ३. शेयरको प्रतिनिधित्व संख्या | **१,२४,४३,९६४ कित्ता** |
| ४. शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | **६५.९६ प्रतिशत** |

(उ) यस सभाको मिति २०७८।१२।२७ सम्ममा सहभागी हुन पाउने शेयरधनीहरुको कुल संख्या ३२,८६२ मध्ये उपस्थित शेयरधनीहरु सबैजना सभामा सहभागी हुन योग्य थिए ।

रिजेन्सी होटल्स लि. काठमाडौं

## ३. छलफल तथा निर्णयको लागि निर्धारित विषयसूची :

**क) सामान्य प्रस्ताव**

१) आर्थिक वर्ष २०७७।०७८ (२०२०।२०२१) को सञ्चालक समितिको २५ औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७७।०७८ (२०२०।२०२१) को वित्तिय विवरणहरु : वासलात, नाफा तथा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु स्वीकृत गर्ने ।

३) आ.व. २०७८।०७९ (२०२१।२०२२) को लागि लेखापरिक्षक नियक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) आर्टसिटिसी होल्डिङ कम्पनी पा लि बाट सञ्चालक समितिमा पतिनिधित्व गर्ने सञ्चालक श्रीमती दिजा श्रेष्ठको स्थानमा श्री जयादिन श्रेष्ठको नियुक्तीलाई अनुमोदन गर्ने ।

५) प्रबन्ध सञ्चालक र कार्यकारी सञ्चालकको पुनः नियुक्तीलाई अनुमोदन गर्ने ।

**ख) विविध**

## ४. सभाको सूचना प्रकाशन :

(क) साधारण सभा हुने मिति, समय, स्थान, छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचीहरु, २५ औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी, वासलात, नाफा तथा नोक्सान विवरण र नगद प्रवाह विवरण सहितका विवरणहरू खुलाई मिति २०७८ चैत ४ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका र मिति २०७८ चैत ७ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा गरि जम्मा २ पटक सूचना प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

(ख) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन, संस्थागत संरचना, लेखापरीक्षकको राय सहितको लेखा प्रतिवेदन, वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरु सहितको पुस्तिका शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनीको website www.taragaon.com मा राखिएको र इमेल मार्फत पठाईएको थियो । यसका साथै डिम्याट खातामा ईमेल ठेगाना राख्नु हुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई Email मार्फत जानकारी गराइएको थियो ।

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

५. गणपुरक संख्या :

| विवरण | शेयरधनी संख्या | शेयर संख्या |
|---|---|---|
| **कुल संख्या** | **३२,८६२** | **१,८८,६६,५४०** |
| स्वयम् उपस्थित | ११ | ९,४६,७१५ |
| प्रतिनिधि (प्रोक्सी) मार्फत | ७ | १,१८,१८,९९४ |
| प्रतिनिधि (प्रोक्सी) Zoom मार्फत उपस्थिति | ० | ० |
| Zoom मार्फत उपस्थित | ३१ | ३,७८,२५५ |
| **जम्मा उपस्थित** | **५०** | **१,२४,४३,९६४** |
| **प्रतिनिधित्व प्रतिशत** | **०.१५%** | **६५.९६%** |

६. **सभाको वैधानिकता तथा सभापतित्व :**

(क) साधारण सभा शुरू हुन् भन्दा अघि सभा सञ्चालकले उपस्थित शेयरधनी महानुभावहरूलाई कम्पनीको तर्फवाट स्वागत गर्नुका साथै कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम कम्पनीको २५औं वार्षिक साधारण सभा वोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो । तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३(२) अनुसार गणपुरक संख्या पुगेकोले सभाको कारवाही अगाडी बढाइयो ।

(ख) कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षले गर्नपर्नेमा सञ्चालक समितिका अध्यक्ष स्व. श्री राधेश्याम सराफ ज्यको ९२ वर्षको उमेरमा स्वर्गारोहरण भएको हुदाँ सोहि दफाको व्यवस्था बमोजिम शेयरधनी तथा कार्यकारी सञ्चालक श्री सुरेश लाल श्रेष्ठज्यूको प्रस्तावमा प्रवन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यूले गर्नु भयो ।

(ग) सभा शुरु गर्नुभन्दा अगावै कम्पनी सचिवले कार्यक्रम सञ्चालकलाई कम्पनीका हालको सञ्चालक समितिको अध्यक्ष श्री राधेश्याम सराफज्यूको स्वर्गारोहण भएको जानकारी तथा समवेदना नोट उपलब्ध गराउनु भएकोमा कार्यक्रम सञ्चालकले समवेदना नोट पढी वहाँको आत्माको चिरशान्तिको लागि १ मिनेट मौनधारण गरी दिनुहुन उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु र प्रतिनिधीहरुलाई आग्रह गर्नु भयो ।

तारागाउँ रिजेन्सी होटेल्स लि. काठमाडौं नेपाल

## ७. सभा संचालन तथा प्रतिवेदन प्रस्तुती :

सभा संचालकज्यूले सर्वप्रथम सभामा उपस्थित शेयरधनी महानुभावहरु, संचालकज्यूहरु, पदाधिकारीज्यूहरु, सहयोगी प्राविधिक मित्रहरु, नियामक निकायबाट पाल्नु भएका पदाधिकारीज्यूहरु तथा प्रतिनिधीहरुलाई स्वागत गर्दै सभाको कार्यवाहीलाई अगाडि बढाउने क्रममा सञ्चालक समितिको तर्फबाट कम्पनीको आर्थिक वर्ष २०७७।०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन संक्षिप्त रुपमा सभामा पढेर सुनाउनु भयो। तत्पश्चात् सभा सञ्चालकज्यूले सभा समक्ष सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन, कम्पनीको आ.व.२०७७।०७८ को लेखापरिक्षकको राय सहितको लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरु उपर छलफलका लागि भाग लिन तथा यस कम्पनीको कारोवार सम्बन्धी विविध पक्षहरुमा आफ्नो विचार. मन्तव्य, जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाई सामूहिक रुपमा अनुरोध गर्नु भयो।

## ८. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :

छलफलका क्रममा देहायका शेयरधनी महानभावहरुले यस कम्पनीको काम कारवाही. वार्षिक हरहिसाव तथा वार्षिक प्रतिवेदनबाट उठेका विभिन्न विषयहरुको सम्बन्धमा आफ्नो राय तथा जिज्ञासाहरु व्यक्त गर्नु भयो:

१. श्री उद्धव प्रसाद घिमिरेज्य

२. श्री रोज कुमार श्रेष्ठज्यू

३. श्री डमरु बल्लब घिमिरेज्यू

४. श्री शिव प्रसाद पौडेलज्यू

५. श्री अशोक उप्रेतीज्यू

६. श्री अमृतदास रंजीतज्यू

७. श्री महेन्द्र वहादुर श्रेष्ठज्यू

८. श्री गुणराज भट्टज्यू

९. श्री रामगोपाल महर्जनज्यू

१०. श्री चन्द्र नारायण श्रेष्ठज्यू

काठमाडौं रिजेन्सी होटेल्स लि. काठमाडौं नेपाल

## ९. शेयरधनीहरुको जिज्ञासा, प्रश्न, मन्तव्य तथा सुझाव र प्रबन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यू र कार्यकारी सञ्चालक श्री सुरेशलाल श्रेष्ठज्यूले दिनुभएको प्रत्युत्तरको मुख्य मुख्य अंशहरु :

### (क) शेयरधनीहरुको जिज्ञासा, प्रश्न, मन्तव्य तथा सुझाव:

- सञ्चालक समितिका अध्यक्ष स्व.श्री राधेश्याम सराफज्यूको यस कम्पनी स्थापना देखि हालसम्मको देनलाई संक्षिप्तमा भनी वहाँको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछ ।
- कम्पनीले यो पटक सहित पाँचौ पटक पर्यटन व्यवसायमध्ये सबै भन्दा बढी कर तिरेर उत्कृष्ट करदाता भएकोमा सञ्चालक समिति. प्रबन्ध सञ्चालक. कार्यकारी सञ्चालक र उच्च व्यवस्थापनलाई बधाई दिन्छु । सञ्चालक समितिको सहि निर्देशन, प्रबन्ध सञ्चालक तथा कार्यकारी सञ्चालकको कुशल रणनीति र उच्च व्यवस्थापनको राम्रो व्यवस्थापनले यो सम्भव भएको हो । निरन्तर पाइरहेको उत्कृष्ट करदाताको श्रेय सराफ तथा श्रेष्ठ परिवारमा जान्छ ।
- कोभिडको कारण समग्र व्यवसायमा परेको असरले गर्दा Dividend दिन सकेन ।
- तारागाउ विकास समितिको शेयर, शेयर संरचनामा भएको परिवर्तनको कारण उक्त निकायबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकको संख्या ३ बाट १ मा झरेको हो । शेयरको अनुपातको आधारमा संचालक नियुक्ती हुनु पर्नेमा उक्त निकायले दावी गरेका ३ जना सचालक कुन कानुन अनुसार छ ?
- तारागाउ विकास समितिले Right Share नलिएको कारण शेयर स्वामित्व प्रतिशतमा घटेको हो संख्यामा होइन । तारागाउँ विकास समितिको लगानी तथा शेयर अनुपात घटेको भनेर विभिन्न निकायबाट विभिन्न वाहनामा यस कम्पनीमा सोधपुछ तथा अनुसन्धान भनेर बारम्वार दुःख दिएकोमा गम्भीर ध्यानाकर्षण भएको छ ।
- नियमित साधारण सभा गरेकोमा धन्यवाद ।
- अहिले देशमा विदेशी मुद्राको सञ्चिती घटेर देशले कठिनाई भोग्नु परेको छ । यस होटल्सले सबैभन्दा बढी विदेशी मुद्रा आर्जन गरि सबै भन्दा बढी विदेशी मुद्रा आर्जन गर्ने सम्मान पाएको छ । यस होटल्स विदेशी मुद्रा आर्जन गर्न अब्बल रहेको र विदेशी मुद्राको आर्जनले देशको Balance of Payment मा सघाउ पुऱ्याउछ ।
- तारागाउँ विकास समितिबाट लिएको भाडाको जग्गामा के भइरहेको छ ?
- कम्पनीको सुःख मा मात्र नभई दुःख मा पनि काँधमा काँध मिलाएर सँगसँगै हिड्ने हामी शेयरधनीहरुले कोभिडबाट परेको कम्पनीको व्यवसाय सधार भई छिट्टै लयमा फिर्किएर कम्पनीको प्रगति देख्न चाहान्छौं ।
- सञ्चालक समितिको तस्वीर वार्षिक प्रतिवेदनमा किन छैन ?
- कोभिडको कारण तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या घटेको छ जसले गर्दा छिट्टै लाभांस वितरण हुन सक्ने देखिँदैन ।

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

- तारागाउँ विकास समितिको शेयरमा कमी आएको भनेर विभिन्न सञ्चार माध्यमबाट Unfair News आएको छ । तारागाउँ विकास समितिले समन्वय गरि आफुले जन्माएको कम्पनीलाई सहयोग गरोस भन्ने चाहान्छु ।
- नेपाल सरकारले कोभिडको असरबाट अत्यन्तै प्रभावित होटल क्षेत्रको पर्नरुत्थान तथा विकासको लागि विशेष ध्यान दिनुपर्छ ।
- आगामी आ.व.मा कम्पनीले Dividend दिन सक्ने गरि सञ्चालक समितिले कशल रणनीति लिन पर्ने देखिन्छ ।
- कम्पनीको Future Plan के छ ? Balance Sheet मा अन्य पूंजी किन घटेको छ ? EPS मा सुधार गर्नु पर्ने देखिन्छ ।
- AGM किन ढिलो भयो ?
- नेपालमा रहेका श्रोतलाई उपयोग गरि आफ्नै छुट्टै ब्राण्ड बनाउनु पर्दछ, जस्तैः मुस्ताङको स्याउ, ईलामको चिया आदि ।
- कम्पनीको २५ औं वार्षिक साधारण सभा Silver Jubilee भएको हुदाँ पनि यस वर्ष सम्पूर्ण शेयरधनीहरुलाई मायाको चिनो नदिए पनि आगामी आ.व. मा शेयरधनीहरु तथा कर्माचारीहरुलाई सानो भए पनि मायाको चिनो प्रदान गर्नु पर्दछ ।

**ख) प्रबन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यू र कार्यकारी सञ्चालक श्री सुरेशलाल श्रेष्ठज्यूले दिनु भएको प्रति उत्तरको मुख्य मुख्य अंशहरुः**

संचालक समितिको तर्फबाट कम्पनीको २५ औं वार्षिक साधारण सभामा स्वयम् तथा Virtual video conference medium मार्फत भाग लिइदिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सबैलाई धन्यवाद दिन चाहन्छु । सञ्चालक समितिका अध्यक्ष स्व. श्री राधेश्याम सराफज्यू गुमाउनु पर्दा सम्पूर्ण सञ्चालक, उच्च व्यवस्थापन र कर्मचारीहरु सबैमा दुःख लागेको छ वहाँ हामी बिच नरहे पनि वहाँले दिनुभएको Legacy हाम्रो लागि Inspiration को रुपमा हामी बिच जहिले पनि रहिरहने छ । कोभिडको कारण पर्यटनजन्य गतिविधिहरुमा संकुचन आएकोले कम्पनीको व्यवसायमा कमी आई आम्दानी घटेको छ हाम्रो Outlook (अनुमान) अनुसार अझै १ वर्ष झल्नै पर्ने हुन सक्छ । नेपाल सरकार, तारागाउँ विकास समिति र तारागाउँ रिजेन्सी होटल्स लिमिटेड बिचको पत्रपत्रिका तथा विभिन्न संचार माध्यमबाट आएको खवरप्रति कम्पनीको आधिकारीक धारणा सभा समक्ष संक्षिप्तमा व्यक्त गर्नभयो । नेपालमा पहिलो पटक Private Public Partnership (PPP) model अर्न्तगत सरकारसँग मिलि पर्यटन क्षेत्रमा लगानी गरेर विभिन्न कठीन परिस्थितीका वावजुत पनि सो कठीनाईलाई सामना गर्दै यस होटल्स पर्यटन क्षेत्रमा सबै भन्दा बढी कर तिर्ने पटक पटक गरि पाँचौ पटक उत्कृष्ट करदाता भएको छ । यस होटल्सले सबै भन्दा बढी विदेशी मुद्रा आर्जन गरि सो वापत सम्मान पनि पाएको छ । नेपाल सरकार हाम्रो अभिभावक हो, त्यसमा पनि पर्यटन मन्त्रालय हाम्रो Direct अभिभावक हो, अभिभावकको सल्लाह, सुझाव हाम्रो लागि मार्ग निर्देशन हो । तारागाउँ रिजेन्सी होटल्स लिमिटेड ADB सँगको समन्वयमा Pilot Project को रुपमा स्थापित विदेशी लगानी भएको नेपाल स्टक एक्सचञ्जमा Listed एक सफल कम्पनी हो । तारागाउँ विकास समिति र यस कम्पनी बिचको पत्रपत्रिका तथा विभिन्न संचार माध्यममा आएका टिकाटिप्पणीहरुको Refutal (खण्डन) धेरै पटक अखबारमा प्रकाशन गरेका छौं । कुनै विषय प्रस्ट नभएको अवस्थामा सो को जानकारी हामीलाई दिनुहाला । सरकारसंग हातेमालो गर्दै अगाडी बढी Unique Property को भरपुर सदुपयोग गर्दै बढी भन्दा बढी पर्यटक आउने

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

गन्तव्य Plan बनाउने र व्यवसायलाई कोभिड अगाडीको स्थितीमा पुऱ्याई आम्दानीमा उल्लेख्य वृद्धि गरि बढी भन्दा बढी कर तिर्ने तथा लाभांश वितरण गर्ने योजना अनुसार कम्पनी अगाडी बढेको छ ।

तारागाउँ विकास समितिको शेयरको सम्बन्धमा, Initial रुपमा तारागाउँ विकास समितिले जग्गा वापत गरेको लगानी रु १७ करोडको शेयर हाल पनि कायम नै रहेको छ । कम्पनीले Right Share जारी गरि Right Share लिनको लागि तारागाउँ विकास समितिलाई निरन्तर पत्राचार गरेको थियो । तारागाउँ विकास समितिले Right Share नलिएको कारण उसको शेयर स्वामित्व प्रतिशतमा घटेको हो, संख्यामा होइन । कम्पनीले प्रचलित कानुन बमोजिमको व्यवस्थालाई पूर्ण पालना गरेको छ र भविष्यमा पनि सम्पूर्ण संघीय, प्रदेश तथा स्थानिय तहका कानुनको पूर्ण परिपालना गरि तपाई हामी सबैको लगानी कानुन बमोजिम र सुरक्षित रहने नै छ । लिज जग्गाको विषयमा तत्कालिन कानुन बमोजिम भएको हो र हामी विश्वस्त छौं, हामीलाई न्याय हुनेछ ।

उपरोक्त विषयमा विगतमा विभिन्न पत्रपत्रिका तथा विद्युतिय सञ्चार मिडियाहरुमा पूर्वाग्रह रुपमा यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको बारेमा तथाकथित विभिन्न लाञ्छनाहरु लगाई झुठा, भ्रामक, कपोकल्पित तथा आधारहिन सम्प्रेषित समाचारहरु प्रति यस कम्पनीको गम्भिर ध्यानाकर्षण भई सो सम्बन्धमा सत्य तथ्य विवरण कम्पनीका शेयरधनीहरु लगायत आदरणीय नागरीकहरु समक्ष सम्प्रेषित होस भन्ने उद्देश्यले मिति २०७५।१२।२० गते कम्पनीको आधिकारीक धारणा सहित सत्य तथ्य विवरण समेतको खण्डन विभिन्न पत्रपत्रिकाहरु मार्फत प्रकाशित गरी जानकारी गराईसकेको छ ।

**यस सम्बन्धमा निम्नानुसार सत्य तथ्य कुरा प्रस्तुत गरिएको छ :**

१. तारागाउँ विकास समितिले २०४८ सालमा आफ्नो उद्देश्य परिपूर्ति गर्न अन्तर्राष्ट्रिय बोलपत्र मार्फत संयुक्त लगानीको लागि स्वदेशी तथा विदेशी लगानीकर्ताहरुलाई आह्वान गरेको ।

२. उत्कृष्ट प्रस्ताव छनोट गरी तारागाउँ विकास समिति र संयक्त लगानी साझेदार बीच संयक्त लगानी सम्झौता गरेको ।

३. उक्त संयक्त लगानी सम्झौता अनसार तारागाउँ विकास समितिको ३०४ रोपनी जग्गा मध्ये १५० रोपनी जग्गा Public Private Partnersship को अवधारणामा तारागाउँ विकास समिति समेत संस्थापक भएको तारागाउँ रिजेन्सी होटल्स लिमिटेडमा शेयर लगानी स्वरुप हस्तान्तरण गर्ने र बाँकी १५४ रोपनी जग्गा पट्टा भाडामा दिने विषय तत्कालिन मन्त्रीपरिषद्को निर्णय भएको ।

४. तारागाउँ विकास समितिको जग्गा र घर बापत सुरुवातको शेयर लगानी रु. १७ करोड हालसम्म कायमै रहेको र शेयर प्रतिशतको हकमा हकप्रद शेयर निष्कासनमा तारागाउँ विकास समितिले लगानी नगरका र ऋण पुनर्संरचना अन्तर्गत बैंकहरुलाई शेयर वितरण भएको कारण तारागाउँ विकास समितिको शेयर अनुपात घटेको ।

५. तारागाउँ विकास समितिले नलिएको हकप्रद शेयर अरु कसैलाई नदिएको र उक्त शेयर हालसम्म अवितरित रहेको छ ।

६. तारागाउँ विकास समितिको आफ्नो स्वामित्वमा रहेको ३०४ रोपनी जग्गा सरकारी जग्गाको परिभाषामा नपरेको र तारागाउँ विकास समिति विकास समिति ऐन अन्तर्गत गठन भएको अविच्छिन्न अधिकारवाला स्वायत्त संस्था (Corporate Body) भएको हुनाले घोषित पर्यटन विकास उद्देश्य परिपूर्तिको लागि आफ्नो स्वामित्वमा रहेको जग्गा लगानी गर्न सक्ने पूर्ण अधिकार ऐनले दिएको ।

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं

७. द्वन्दकालिन अवस्थामा अपेक्षाकृत व्यवसाय गर्न नसकी तारागाउँ रिजेन्सी होटल्स लिमिटेड लगायत नेपालका सम्पूर्ण पर्यटन उद्योगहरु समेत धराशायी भएको र तारागाउँ रिजेन्सी होटल्स लिमिटेड लिलामी हुने अवस्थामा एशियाली विकास बैंकको सहयोगमा ऋण पुनर्संरचना भएको र यस पुनर्संरचनाको शर्त अन्तरगत केहि व्याज र सावालाई साधारण शेयरमा परिणत गरिएको हुदाँ तारागाउँ विकास समिति लगायत बाँकी सबै सस्थापक शेयरधनीहरु र सर्वसाधारण शेयरधनीहरुको समेत शेयर लगानी प्रतिशत समानुपातिक रुपमा संकुचित भएको ।

८. विगत ५/६ वर्ष देखि तारागाउँ रिजेन्सी होटल्स लिमिटेडले सबभन्दा बढी विदेशी मुद्रा आर्जन गरी सबभन्दा बढी कर तिर्ने कम्पनीको रुपमा पुरस्कृत भएको साथै कम्पनीको स्वामित्वमा रहेको र पट्टा (Lease) को जग्गामा एक अन्तर्राष्ट्रिय स्तरको Exhibition /Event Centre, ३०० देखि ४०० कोठाको Business Hotel, Commercial Laundry तथा Taragaon Cultural Village/Market मा अर्बौंको लगानी गर्ने योजना रहेको ।

९. तारागाउँ रिजेन्सी होटल्स लिमिटेड नेपालको Public Private Partnership (सार्वजनीक निजि साझेदारी) को अवधारणामा सम्पन्न भएको पहिलो सफल परियोजना हो । यस परियोजना मार्फत Public Private Partnership को अवधारणालाई प्रवर्द्धन गरी यसै अवधारणामा भविष्यमा थप बैदेशिक तथा स्वदेशी लगानी मार्फत पर्याप्त मात्रामा परियोजनाहरु आकर्षण हेतुले एशियाली विकास बैंक जस्ता बहुराष्ट्रिय वित्तिय संस्थाको अगुवाईमा यस कम्पनीको स्थापना र तारागाउँ विकास समितिको जग्गा मार्फत भएको शेयर लगानी र पट्टा सम्झौता (Lease Agreement) सम्बन्धि भएको तत्कालिन मन्त्री परिषदको निर्णय र अरु सम्पूर्ण प्रक्रियाहरुको बैधानिकता विषयमा विस्तृत अध्ययन गरी यी सबै प्रक्रियाहरुको बैधानिकता उपर विस्वस्त भए पश्चात यस कम्पनीमा शेयर लगानी गर्ने निर्णय भएको हो ।

१०. यस कम्पनीमा पूर्व मेची देखि पश्चिम महाकालीसम्म वसोबास गर्ने ४० हजार भन्दा बढी सर्वसाधारणको लगानी भएको, द्वन्दकालिन परिस्थितिमा अपेक्षाकृत व्यवसाय हुन नसकि यस कम्पनी लिलामी हुने अवस्थामा एशियाली विकास बैंकको सहयोगमा ऋण पुर्नसंरचनाभई हाल कम्पनीले उल्लेख्य सफलता हासिल गरी सकेको र हाल थप अर्वौ रुपैयाँको लगानी गर्न तयार भएको अवस्थामा अहिले आएर विगतका निर्णयहरुका बैधानिकतामा प्रश्न चिन्ह उठाईदा यस कम्पनीको वृद्धि तथा विकासमा बाधा अर्चन भई देश भित्र स्वदेशी तथा विदेशी लगानी मार्फत हुने औधौगिकिकरणमा समेत प्रतिकुल असर पर्न सक्ने ।

११. वि.स. २०३७-२०४२ सम्म तत्कालिन सरकारद्धारा घोषित छैठौं पञ्चवर्षीय योजना अनुसार सरकारी सम्पत्ति तथा केही संस्थानहरुलाई निजिकरण गर्ने व्यवस्था भएको थियो । तर यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेड योजना, त्यस्तो सरकारी, संस्थानको सम्पत्ति तथा संस्थानको निजिकरण गर्ने निति अन्तर्गत नपरी Public Private Partnership को एउटा सफल नमुना योजनाको रुपमा स्थापित भएको विशेष उल्लेखनिय छ। अर्थात, निजिकरण भन्नाले सरकारी, संस्थानको सम्पत्ति निजि क्षेत्रलाई हस्तान्तरण गर्ने हुन्छ भने Public Private Partnership अन्तर्गत सरकार र निजि क्षेत्रको संयुक्त लगानीमा सरकार आफै संस्थापक भई स्थापना गर्ने निकायको रुपमा संचालन हुन्छ ।

तारागाउँ रिजेन्सी होटल्स लि.
काठमाडौं
नेपाल

## १०. छलफल तथा निर्णयहरु :

**(क) सामान्य प्रस्ताव**

**प्रस्ताव नं. १ :**

अध्यक्षज्यूले प्रस्तत गर्न भएको आर्थिक वर्ष २०७७।०७८ (२०२०।२०२१) को २५ औं वार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मतले पारित गरियो ।

**प्रस्ताव नं. २ :**

लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७७।०७८ (२०२०।२०२१) को वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु स्वीकृत गर्ने प्रस्ताव सभामा प्रस्तुत भए पछि उपस्थित शयरधनी महानुभावहरुबाट उक्त प्रस्ताव सर्वसम्मतले पारित गरियो ।

**प्रस्ताव नं. ३ :**

आ.व. २०७८।०७९ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सभामा प्रस्तुत हुदा लेखापरिक्षण समितिको सिफारिस अनुसार आ.व. २०७८।०७९ को लेखापरिक्षण गर्नको लागि बि.कं. अग्रवाल एण्ड कम्पनीका श्री बि.के. अग्रवालज्यूलाई नियूक्त गरि निजको पारिश्रमिक प्रबन्ध सञ्चालक तथा कार्यकारी सञ्चालकले तोक्ने गरि लेखापरिक्षक नियुक्त गर्ने प्रस्ताब सर्वसम्मतबाट पारित गरियो ।

**प्रस्ताव नं. ४ :**

आईसिटिसी होल्डिङ्ग कम्पनी प्रा.लि बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक श्रीमती दिजा श्रेष्ठको स्थानमा श्री जयादिन श्रेष्ठको नियुक्तीलाई अनुमोदन गर्ने प्रस्ताव सभामा प्रस्तुत भए पछि उपस्थित शेयरधनी महानभावहरुबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**प्रस्ताव नं. ५ :**

प्रवन्ध सञ्चालक तथा कार्यकारी सञ्चालकको पुनः नियुक्तीलाई अनुमोदन गर्ने प्रस्ताव सभामा प्रस्तत भए पछि उपस्थित शेयरधनी महानुभावहरुबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**(ख) विविध प्रस्ताव ।**

विविध प्रस्ताव अन्तर्गत सञ्चालक समिति, उच्च व्यवस्थापन र कर्मचारीहरुले तयार गरेको सञ्चालक समितका अध्यक्ष स्व.श्री राधेश्याम सराफज्यूको सम्झनामा नोट पारित गरि माइन्यूट गर्ने पस्ताव उपर छलफल हुदाँ सो नोटलाई माइन्यूटमा समावेश गर्ने उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुबाट सवंसम्मतिबाट पारित गरियो ।

## NOTE

Your company 'Taragaon Regency Hotels Limited' was founded by Late Shri Radhe Shyam Saraf. He was a Great visionary leader who turned every challenge into opportunity and set milestone in the hospitality industry in Nepal.

He has been the Chairman of this company from inception and was its largest investor. It was his vision to widely disperse the shares of the company and he led the efforts of the company to become the most widely held company in Nepal with 44,000 shareholders.

Nepal was undergoing severe political and social turbulence because of civil unrest. He tackled the financial challenges facing the Hotel, during construction phase and successfully built the hotel as per set benchmark for hospitality in Nepal. Hyatt Regency Kathmandu was inaugurated by His Majesty King Birendra Bir Bikram Shah Dev on 27 September 2000 AD. The company was awarded with 'Highest taxpayer award' in tourism sector in Nepal, five times - under the chairmanship of Shri Saraf. The company has also been conferred coveted recognition for earning highest foreign currency for the country in Tourism sector

Shri Saraf was a man of integrity, resilience, vision, and positivity. He introduced Hyatt brand into Nepal in 1996 and thus paved way for global standard in hospitality in the country.

Beyond business, he was passionate about community service and was an active philanthropist. In 1978-79, he founded the 'Modern Indian School' in Kathmandu. The school was the first of its kind in Nepal and under the patronage and under the leadership of Shri Radhe Shyam Saraf. it has become an excellent educational institution imparting quality education. In recognition. he was honoured with the prestigious Gorkha Dakshin Bahu Award by His Majesty King Birendra Bir Bikram Shah for his great contribution to Nepal and again later by King Gyanendra Bir Bikram Shah for social service & tourism sector.

He mastered the complexities of corporate management, trade and commerce as well as finance with his ingrained intelligence. He carried the flag of Saraf Hotel Enterprises to great heights till his last breath; leading all his companies as well as the philanthropic institutions from the front for the past 50 years.

A shining epitome of simplicity and humility, he was pious to the core and modesty personified. He steered the Company on to the right track of value-orientation and wealth creation. His selfless services to humanity made him an entrepreneur of the highest order and the most ideal human being. The loss to the Company by his demise is immense and insurmountable.

He was a doyen of the hospitality industry and was passionate about its priorities. His career reflected the rise and innate strength of the nation's corporate sector. His demise leaves a void in the world of Hospitality.

The veteran and revered hotelier is no more with us now, but his legacy would continue to be a source of inspiration for many generations.

रिजेन्सी होटल्स
काठमाडौं

## ११. धन्यवाद ज्ञापन :

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले सभा सञ्चालकले यस सभाका अध्यक्ष श्री अरुण कुमार सराफज्यूलाई सभाको समापन गरिदिनु हुन अनुरोध गर्नुभयो र सभा अध्यक्ष श्री अरुण कुमार सराफज्यूले शेयरधनीमहानुभावहरु लगायत विभिन्न नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड लगायत समस्त ग्राहक महानुभावहरु, शुभचिन्तकहरु, वित्तीय श्रोत उपलब्ध गराउने विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, शेयर रजिष्टार, व्यवस्थापन पक्ष, सञ्चार जगत तथा कम्पनीका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्दै २५ औं बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

श्री टिकाराम बिस्ट
कम्पनी सचिव

श्री अरुण कुमार सराफ
सभाका अध्यक्ष